# कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको

# अन्तरिम प्रतिवेदन

२०६८

# कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको

## अन्तरिम प्रतिवेदन

२०६८

## कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलका पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. माननीय श्री देवी खड्का | | संयोजक |
| २. पूर्व प्र.अ.म.नि. श्री रमेशकुमार श्रेष्ठ | | सदस्य |
| ३. अधिवक्ता श्री सुनिल रञ्जन सिंह | | सदस्य |
| ४. पूर्व अनुसन्धान निर्देशक श्री भागवत चौधरी | | सदस्य |
| ५. महानिर्देशक श्री दुर्गाप्रसाद भण्डारी | कारागार व्यवस्थापन विभाग | सदस्य सचिव |

### कार्यदलको सचिवालय

| | |
|---|---|
| १. श्री दुर्गाप्रसाद भण्डारी | महानिर्देशक, कारागार व्यवस्थापन विभाग |
| २. श्री उद्धव बहादुर थापा | निर्देशक, कारागार व्यवस्थापन विभाग |
| ३. श्री दिपक राज नेपाल | निर्देशक, कारागार व्यवस्थापन विभाग |
| ४. श्री काजी कुमार पोखरेल | शा.अ., कारागार व्यवस्थापन विभाग |
| ५. श्री कृष्ण प्रसाद देवकोटा | ले.अ., कारागार व्यवस्थापन विभाग |
| ६. श्री सवला अर्याल | क.अ., कारागार व्यवस्थापन विभाग |
| ७. श्री लक्ष्मी थापा | का.स., कारागार व्यवस्थापन विभाग |

# धन्यवाद

नेपालका विभिन्न कारागारहरुको भौतिक अवस्था र कारागारहरुको क्षमता भन्दा दोब्बर संख्यामा कैदीबन्दीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको एवं कारागारको व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।९।१२ को निर्णय अनुसार मेरो संयोजकत्वमा ५ सदस्यीय कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदल गठन भएको थियो । कार्यदलको गठन पश्चात् कार्यदलका सदस्यहरू र सचिवालयमा कार्यरत कर्मचारीहरूबाट लगातार रूपमा नियमित कारागारहरूको स्थलगत अवलोकन गर्ने र सो क्रममा त्यहाँको भौतिक अवस्थाको निरीक्षणका साथै कैदी बन्दीहरूसँग भेटघाट र अन्तरक्रिया जस्ता कार्यक्रमहरू सञ्चालन गरिए । यसका साथै विभिन्न विज्ञहरूसँग राय संकलन गर्ने, यसभन्दा अगाडि कारागार सुधारका लागि गठन भएका समिति, आयोग र कार्यदलका प्रतिवेदनहरू अध्ययन गर्ने जस्ता कार्यहरू सम्पन्न गरिए । समितिलाई २ महिनाको कार्यावधि दिइएको भएपनि कार्यदलका सदस्यहरूको सरसल्लाह एवं निर्णय अनुसार केही विषयहरू तत्काल नेपाल सरकारबाट संबोधन हुनुपर्ने कुरालाई मनन गर्दै हामीलाई दिइएको कार्यादेशका केही विषयहरूलाई समेटी यो अन्तरिम प्रतिवेदन तयार गरिएको छ । बाँकी विषयहरू समेतलाई समेटी अर्को पूर्ण प्रतिवेदन पछि पेश गरिनेछ ।

यस कार्यदललाई आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा अमूल्य सुझाव दिनुहुने राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छु । यस्तै विभिन्न सल्लाह, सुझाव, सामाग्री, जनशक्ति उपलब्ध गराइदिने कारागार व्यवस्थापन विभागप्रति म हार्दिक धन्यवाद प्रकट गर्दछु । यो प्रतिवेदन लेखन कार्यमा सहयोग पुर्‍याउनु हुने कार्यदलका सदस्यहरू श्री रमेशकुमार श्रेष्ठ, श्री सुनिल रञ्जन सिंह, श्री भागवत चौधरी, श्री दुर्गाप्रसाद भण्डारी तथा कारागार व्यवस्थापन विभागका निर्देशक द्वय श्री उद्धव वहादुर थापा र श्री दिपकराज नेपाल प्रति पनि म धन्यवाद व्यक्त गर्न चाहन्छु । हामीलाई विभिन्न राय सुझाव सल्लाह प्रदान गरी सहयोग गर्ने सबै राजनीतिक दलका प्रतिनिधि, कानून व्यवसायी, मानव अधिकारवादी, पत्रकार, संघसंस्थाका प्रतिनिधिहरू, प्रहरी, स्थानीय प्रशासन, अन्य राष्ट्रसेवक, कैदीबन्दी तथा अन्य महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

**देवी खड्का**

*संयोजक*

कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदल

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषय :- अन्तरिम प्रतिवेदन सम्बन्धमा ।

नेपालका विभिन्न कारागारहरूको भौतिक अवस्था र कारागारहरूको क्षमताभन्दा दोब्बर संख्यामा कैदीबन्दीहरूलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको एवं कारागारको व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार मन्त्रीपरिषदको मिति ०६८।९।१२ को निर्णय अनुसार ५ सदस्यीय कार्यदल गठन भएको थियो ।

यसरी गठन भएको कार्यदलका पदाधिकारीहरूवाट आफूलाई सुम्पिएका जिम्मेवारी पूरा गर्ने सन्दर्भमा विभिन्न कारागारहरूको स्थलगत अवलोकन गरी त्यहाँको भौतिक अवस्था र कैदीवन्दीहरूसँग सुझाव संकलन गर्नुका साथै राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू, विभिन्न विषय विज्ञ र सम्बन्धित सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल गरी सुझाव संकलन गरिएको थियो । यसका साथै कार्यदलका पदाधिकारीहरूबाट विगतमा यस सम्बन्धमा गठित समितिका प्रतिवेदनहरू अध्ययन गरिएको थियो ।

हामीलाई दिइएको विषयको गाम्भीर्यतालाई समेत दृष्टिगत गरी कार्यदलका पदाधिकारीहरूको सरसल्लाह एवं सर्वसम्मत निर्णय अनुसार केही विषयहरू तत्काल नेपाल सरकारबाट संबोधन हुनुपर्ने कुरालाई मनन गर्दै हामीलाई दिइएको कार्यादेशका केही विषयहरूलाई समेटी यो अन्तरिम प्रतिवेदन तयार गरी पेश गरेका छौं । बाँकी विषयहरू समेतलाई समेटी अर्को पूर्ण प्रतिवेदन पछि पेश गर्नेछौं ।

| | |
|---|---|
| माननीय श्री देवी खड्का | संयोजक |
| पूर्व प्र.अ.म.नि. श्री रमेशकुमार श्रेष्ठ | सदस्य |
| अधिवक्ता श्री सुनिल रञ्जन सिंह | सदस्य |
| पूर्व अनुसन्धान निर्देशक श्री भागवत चौधरी | सदस्य |
| महानिर्देशक श्री दुर्गाप्रसाद भण्डारी कारागार व्यवस्थापन विभाग | सदस्य सचिव |

मिति २०६८ माघ २.... गते

# विषयसूची


पेज.नं

१. पृष्ठभूमि १
२. समितिको गठन २
३. समितिको कार्यक्षेत्र र कार्य अवधि २
 ३.१ कार्यक्षेत्र ३
 ३.२ कार्य अवधि ३
४. कारागारका वर्तमान स्थिति ३
५. कारागारको व्यवस्थापन पक्ष र भौतिक अवस्था ४
 ५.१ व्यवस्थापन पक्ष ४
  ५.१.१ कैदी वा थुनुवालाई राख्ने व्यवस्था ६
  ५.१.२ बन्दीहरूले पाउने सुविधा सम्बन्धमा ६
  ५.१.३ कारागारहरूको निरीक्षण ६
 ५.२ भौतिक अवस्था ७
६. कैदीबन्दीहरूबाट प्राप्त सुझावहरू ७
 ६.१ कैदीबन्दीले पाउने सुविधा सम्बन्धी विवरण ७
 ६.२ माफी मिन्हा सम्बन्धी ८
 ६.३ भौतिक अवस्था सुधार सम्बन्धी ८
 ६.४ व्यवस्थापकीय सुधार सम्बन्धी ८
 ६.५ विविध ९
७. कारागार सुधार आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी ९
८. तत्काल गर्नुपर्ने कार्यहरू ११
 ८.१ कारागारहरुको मर्मत, क्षमता विस्तार तथा नयाँ निर्माण सम्वन्धी ११
 ८.२ केन्द्रीय कारागार स्थानान्तरण सम्बन्धी १२
 ८.३ कैदीहरूको बाँकी सजाय अवधि माफी मिन्हा सम्बन्धी १२
 ८.४ न्याय प्रक्रिया सम्पादन सम्वन्धमा १३
९. अनुसूचीहरू
 १. कार्यदलले स्थलगत अवलोकन एवं सुझाव संकलन गरेका कारागारहरू १४
 २. कार्यदलबाट सुझाव संकलनका लागि भ्रमण गरेका निकाय एवं स्थानहरू (कारागार बाहेक) १५
 ३. कार्यदल गठन सम्बन्धी गृह मन्त्रालयको च.नं.२०७५ मिति ०६८।९।१४ को पत्र १६

## १. पृष्ठभूमि

नेपालको ७२ जिल्लामा रहेका ७४ वटा कारागारहरू मध्ये धेरैजसो कारागारहरूको भौतिक अवस्था अत्यन्त नाजुक अवस्थामा रहेका छन् । ७४ वटा कारागारहरूको कुल क्षमता ६४१४ रहेकोमा कार्यदल गठन भएको समय (०६८ मंसीर मसान्त) सम्ममा कैदीबन्दीको संख्या १३२५२ पुगिसकेको अवस्था छ । कारागारहरूमा शौचालय, खानेपानी, ढल लगायतका समस्या विद्यमान रहेका छन् । यस्तै चौबिसै घण्टा खटिनुपर्ने कारागारमा एकातिर दरबन्दी अनुसारका जनशक्तिको आपूर्ति हुन सकिरहेको छैन भने अर्कोतिर कारागारमा काम गर्न खटिइगएका जनशक्तिहरूमा Incentive को कमी र अनावश्यक झन्झटले जतिसक्यो चाँडो कारागारबाट सरूवा खोज्ने प्रवृत्ति देखा परिरहेको छ ।

कारागारमा विभिन्न ९ मुद्दामा रहेका कैदीबन्दीहरू बाहेक अन्य मुद्दामा रहेका ५० प्रतिशत कैद भुक्तान गरिसकेका र असल चालचलन भएका कैदीबन्दीहरूलाई बडा दशैं, प्रजातन्त्र दिवस, लोकतन्त्र दिवस, गणतन्त्र दिवस गरी बर्षको ४ पटक कारागार नियमावली २०२० को नियम २९ बमोजिम निजहरूको बाँकी कैद माफी मिनाहा दिन सकिने व्यवस्था भएकोमा हालका दिनमा यो व्यवस्थालाई कैदीहरूले अधिकारको रूपमा लिन खोज्ने र नेपाल सरकारको तर्फबाट नियमावलीको व्यवस्था अनुसार माफी मिनाहाको निर्णय कुनै बेला हुने र कुनै बेला नभई निर्णयमा समेत एकरुपता नदेखिने गरेको छ ।

कारागार ऐन २०१९ को दोस्रो संशोधन, २०६४ ले कारागारलाई सुधार गृहको रूपमा रूपान्तरण गर्ने उद्देश्यबाट सामुदायिक कारागार र खुला कारागारको अवधारणालाई कानूनी दायरामा ल्याए पनि यसको कार्यान्वयनको लागि संरचना, निर्देशिका लगायत अन्य कुनै कुरा पनि तयार हुन सकिरहेको अवस्था छैन ।

काठमाडौंमा रहेको कारागार कार्यालय जगन्नाथ देवललाई केन्द्रीय कारागारको रूपमा संबोधन गरिएको छ । यसमा एकातिर क्षमताभन्दा दोब्बर कैदीबन्दीहरू राख्नुपर्ने बाध्यता छ भने अर्कोतिर खानेपानी, बस्ने स्थान लगायतको सुविधाजनक व्यवस्था गर्न सकिएको छैन । यो स्थान राजधानीको केन्द्र भागमा रहेको र थप विस्तार गर्न जग्गासमेत नभएको परिप्रेक्ष्यमा अब यसको स्थानान्तरण अति आवश्यक भैसकेको छ ।

कैदीबन्दीहरूले कारागारमा प्रवेश गरेको दिनदेखि दैनिक ७०० ग्राम चामल, रू. ४५।- नगद, बर्षको २ जोर कपडा, २ बर्षमा १ सेट ओढ्ने ओछ्याउने, रू. ३००।- दशैं खर्च र कारागार गैसकेपछि सुत्केरी भएका महिलाहरूलाई थप सुत्केरी खर्च दिने व्यवस्था छ । कारागारमा रहेका कैदीहरूलाई तराई, पहाड र हिमाली जिल्ला सबैमा बराबर रकमको व्यवस्था गरिएको र दैनिक रू. ४५।- बढ्दो महङ्गीको अनुपातमा उनीहरूको खर्च धान्न धौधौ परिरहेको अवस्था छ । यसमा पुनरावलोकन गर्नुपर्ने अवस्था देखिन्छ ।

नेपालमा विभिन्न समस्या समाधानका लागि आयोगहरू बन्ने गर्दछ । आयोगले सुझाव सहितको प्रतिवेदन दिन्छन् । तर आयोगले दिएका प्रतिवेदन लागू हुन नसकी प्रतिवेदन कागजी रूपमा मात्र रहेका देखिन्छन् । यो कुरा कारागार सुधार सम्बन्धमा गठन भएका आयोग/समितिको सम्बन्धमा समेत केही हदसम्म सत्य देखिएका छन् । यद्यपि कारागार सुधार उच्चस्तरीय सुझाव समितिको प्रतिवेदनले औंल्याएका केही सुझाव कार्यान्वयन भएका छन् भने कतिपय सुझावहरू कार्यान्वयन हुन सकेका छैनन् ।

यिनै पृष्ठभूमिमा नेपालका विभिन्न कारागारमा गर्नुपर्ने भौतिक र व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६८।९।१२ को निर्णयानुसार कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदल गठन भएको छ ।

## २. समितिको गठन

नेपालका विभिन्न कारागारको भौतिक अवस्था र कारागारहरूको क्षमताभन्दा दोब्बर संख्यामा कैदीबन्दीहरूलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको एवं व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६८।९।१२ को निर्णयानुसार माननीय श्री देवी खड्काको संयोजकत्वमा ५ सदस्यीय कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको गठन गरिएको थियो । उक्त समितिको गठन देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| १. माननीय श्री देवी खड्का | संयोजक |
| २. पूर्व प्र.अ.म.नि. श्री रमेशकुमार श्रेष्ठ | सदस्य |
| ३. अधिवक्ता श्री सुनिल रञ्जन सिंह | सदस्य |
| ४. पूर्व अनुसन्धान निर्देशक श्री भागवत चौधरी | सदस्य |
| ५. महानिर्देशक श्री दुर्गाप्रसाद भण्डारी कारागार व्यवस्थापन विभाग | सदस्य सचिव |

## ३. कार्यदलको कार्यक्षेत्र र कार्य अवधि

नेपालका विभिन्न कारागारको भौतिक अवस्था र कारागारहरूको क्षमताभन्दा दोब्बर संख्यामा कैदीबन्दीहरूलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको एवं व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०६८।९।१२ को निर्णयानुसार गठित यस कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदललाई नेपाल सरकारबाट निम्नानुसारको कार्यादेश प्राप्त

भएको छ । कार्यदलबाट आफ्नो क्षेत्राधिकारभित्र रही कारागारहरूको स्थलगत अवलोकन, कैदीबन्दीहरूसँग अन्तरक्रिया, विभिन्न विज्ञ, सम्बद्ध पक्ष, कारागारका कर्मचारीहरू लगायतसँगको अन्तरक्रिया, सम्वद्ध सरोकारवालाहरूसँग छलफल एवं उनीहरूबाट प्राप्त सुझावको आधारमा यो अन्तरिम प्रतिवेदन तयार गरिएको छ ।

### ३.१ कार्यक्षेत्र

१. कारागारमा गर्नुपर्ने भौतिक र व्यवस्थापकीय सुधारको पक्ष ।
२. मौजुदा ऐन, नियममा भएको कैदीहरूको बाँकी सजाय अवधि माफी मिन्हा सम्बन्धमा गर्नुपर्ने पुनरावलोकन ।
३. केन्द्रीय कारागारको स्थानान्तरण र खुला कारागारको अवधारणाको कार्यान्वयन ।
४. कैदीबन्दीहरूले हाल पाइरहेको विभिन्न सेवा सुविधाहरूको पुनरावलोकन ।
५. यस पूर्वका आयोग, कार्यदल तथा समितिले दिएका सुझावहरूको समेत अध्ययन गरी प्रतिवेदन दिने र सो को कार्यान्वयनको कार्ययोजना समेत पेश गर्ने ।

### ३.२ कार्याविधि

यस कार्यदललाई आफ्नो कार्यक्षेत्रभित्र अध्ययन गरी सुझाव सहितको प्रतिवेदन दिन २ महिनाको समयावधि तोकिएको छ । यस अनुसार ०६८।९।१८ देखि आफ्नो कार्य प्रारम्भ गरेकोले कार्यदललाई ०६८।११।१८ सम्म प्रतिवेदन पेश गर्न समय सिमा दिइएको छ ।

## ४. कारागारको वर्तमान स्थिति

नेपालमा कारागार जेलको इतिहास वि.सं. १९७१ बाट सुरु भएको हो । पहिलो कारागारको रूपमा हालको कारागार कार्यालय, काठमाण्डौ जगन्नाथदेवल रहेको छ। यसलाई सुरुमा सदर जेल भनिन्थ्यो र हाल यसलाई नेपालको केन्द्रीय कारागारको रूपमा लिइएको छ। २००७ सालको जनक्रान्तिपछि कारागार प्रशासनको कार्य गृह मन्त्रालय अन्तर्गत रही आएको र सोभन्दा पहिले राणाकालीन समयमा मुख्तियारको मातहत रही रोलवाला जर्नेल कारागारको प्रमुख हुने व्यवस्था थियो। स्थानीयस्तरमा कारागारहरू बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहेको र उपत्यकाका कारागारहरू उपत्यकाञ्चल कमिशनर मातहत सञ्चालित थिए। हाल स्थानीयस्तरमा कारागारहरूको प्रत्यक्ष नियन्त्रण र निर्देशन प्रमुख जिल्ला अधिकारीबाट हुने गरेको छ। कारागार व्यवस्थापन र प्रशासन सम्बन्धी कार्य गृह मन्त्रालय,

कारागार व्यवस्थापन महाशाखाबाट भैरहेकोमा २०५० साल श्रावण १ गतेबाट केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भै सो व्यवस्थापन र प्रशासनको कार्य विभागबाट भैरहेको छ। हालसम्म सञ्चालित कारागारहरूको बन्दी राख्न सक्ने क्षमता ६४१४ रहेको छ। २०६८ पुस मसान्तको कैदी बन्दी संख्या **१३२६५** रहेकोमा पुरुष **१२३१७** महिलाको संख्या **९४८,** विदेशीको संख्या **८३४** बालविज्याँई गरी बाल सुधार गृहमा रहेका कैदी **१०४** र आश्रित नाबालक **८० र** वालसंरक्षण गृहमा **६४** जना रहेका छन्। कारागार व्यवस्थापन विभागबाट ७२ जिल्लामा ७४ वटा कारागारहरूको प्रशासन र समन्वय गर्ने कार्य भैरहेको छ। मुलुकभरका कारागारमा हाल कर्मचारीहरूको दरबन्दी ६८८ रहेको अवस्था छ। कारागारहरूको आन्तरिक प्रशासन बन्दीहरूबाटै जेलरद्वारा नियुक्त गरिएका चौकिदार, नाइके र सहनाइकेको रेखदेखमा संचालन हुने गरेको छ । कारागारहरूको सुरक्षा व्यवस्था प्राय:जसो कारागारमा नेपाल प्रहरी र केही सीमित कारागारहरूमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलद्वारा मिलाइएको छ। कारागार सुरक्षामा हाल नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकृत र जवान गरी कुल १८०६ सुरक्षाकर्मी परिचालित छन्। कारागारको व्यवस्थापन सम्बन्धमा हाल कारागार ऐन २०१९, कारागार नियमावली २०२०, कारागार व्यवस्थापन कार्यविधि निर्देशिका २०६१ प्रचलनमा रहेका छन् । पुराना बन्दी गृहहरूलाई सुधार गृहको रूपमा रूपान्तरण गर्दै जानुपर्ने र कार्यरत कर्मचारीहरूलाई प्रोत्साहन गरेर कार्य प्रभावकारिता ल्याउनुपर्ने तर्फ अगाडि बढ्नुपर्ने देखिएको छ।

## ५. कारागारको व्यवस्थापन पक्ष र भौतिक अवस्था

### ५.१ व्यवस्थापन पक्ष

कारागारहरूलाई व्यवस्थित रूपले संचालन गर्नका लागि गृह मन्त्रालयको मातहतमा कारागार व्यवस्थापन विभाग रहेको छ । यस विभाग अन्तर्गत ७२ जिल्लामा ७४ वटा कारागारहरू संचालन भइरहेका छन् । कारागार व्यवस्थापन विभागको समन्वयात्मक भूमिका र प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख एव व्यवस्थापन र जेलरको प्रत्यक्ष जिम्मेवारीमा कारागारहरूलाई व्यवस्थित गर्ने काम भइरहेको छ । यसरी संगठनात्मक रूपमा गृह मन्त्रालय अन्तर्गत कारागार व्यवस्थापन विभाग रहेको छ भने विभाग अन्तर्गत कारागार कार्यालयहरू रहेका छन् । त्यसरी नै बन्दी गृहको आन्तरिक प्रशासन बन्दीहरूमध्येबाटै नियुक्त गरिएका चौकिदार, नाइके, सहनाइकेको रेखदेखमा संचालित छ भने सुरक्षा नेपाल प्रहरी र संवेदनशील कारागारहरूमा सशस्त्र प्रहरी बलको टुकडी खटाउने परिपाटी सुरू भएको छ । कारागारहरूको संगठन संरचना भित्र हाल विभिन्न श्रेणी र पदका कुल ६८८ कर्मचारीहरू

कार्यरत रहेका छन् । त्यस्तै कारागारहरूमा बन्दी राख्ने क्षमता बारे अहिले सम्म आधुनिक मापदण्ड तयार भएको छैन । यसभन्दा पहिला गरिएका अध्ययनबाट करीब ६४१४ कैदीबन्दीहरू राख्न सक्ने क्षमता कारागारहरूमा रहेको देखिन्छ । नेपालका ७५ जिल्लाहरू मध्ये धनुषा, बारा र भक्तपुर जिल्लामा कारागारहरू स्थापना भएका छैनन् भने काठमाडौं र दाङ्ग जिल्लामा २/२ वटा कारागार कार्यालयहरू संचालनमा रहेका छन् ।

नेपालमा रहेका ७४ वटा कारागारहरूलाई कर्मचारीको स्वीकृत दरबन्दी, बन्दी राख्ने क्षमता र भौतिक अवस्थाका आधारमा निम्नानुसार ५ वर्गमा वर्गीकरण गरिएको छ ।

- 'क' वर्ग - कारागार शाखा, जगन्नाथदेवल, काठमाण्डौ ।
- 'ख' वर्ग - कारागार शाखा पर्सा, कारागार शाखा झुम्का, सुनसरी
- 'ग' वर्ग - झापा, मोरङ्ग, महोत्तरी, बाँके, पाल्पा, डिल्लीबजार, ललितपुर (नख्खु) र रूपन्देही समेतका ८ कारागारहरू
- 'घ' वर्ग - बर्दिया, सप्तरी, सल्यान, सर्लाही, कपिलवस्तु, सिराहा, चितवन, कास्की, कैलाली, कञ्चनपुर र रौतहट समेतका ११ कारागारहरू
- 'ङ' वर्ग - बाँकी सबै कारागारहरू (इलाम, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, भोजपुर, धनकुटा, उदयपुर, खोटाङ्ग, ओखलढुंगा, सोलुखुम्बु, दोलखा, रामेछाप, सिन्धुली, रसुवा, डडेल्धुरा, तनहुँ, लमजुङ, गोरखा, स्याङ्जा, नवलपरासी, गुल्मी, अर्घाखाँची, पर्वत, म्याग्दी, मुस्ताङ्ग, बागलुङ, दाङ-घोराही, दाङ-तुल्सीपुर, रुकुम, सल्यान, प्यूठान, रोल्पा, सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, कालिकोट, मुगु, हुम्ला, डोल्पा, बाजुरा, डोटी, अछाम, बझाङ समेतका ५२ कारागारहरू)

यसरी कारागार ऐन, नियम र गृह मन्त्रालयको नीतिगत निर्देशन परिधिभित्र रहेर कारागार व्यवस्थापन विभाग र प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा कारागार प्रशासन संचालन हुने गरेको छ । त्यसरी नै बन्दीगृहको सम्बन्धमा कारागार प्रशासन, सुरक्षाकर्मीहरू र आन्तरिक प्रशासन सलग्न रहेको छ । तसर्थ बन्दीगृहको प्रशासन कारागार प्रशासनबाट, सुरक्षा व्यवस्था सुरक्षाकर्मीहरूबाट र कारागारभित्रको व्यवस्थापन बन्दीहरूमध्येबाटै नियुक्त गरिएका चौकिदार, नाइके र सहनाइके आदिबाट हुन्छ । यसरी हेर्दा कारागार प्रशासन सहभागितामुलक व्यवस्थापकीय पद्दति अनुरूप संचालन भएको देखिन्छ ।

कारागारहरूलाई व्यवस्थित रूपमा संचालन गर्न कानूनी रूपमा कारागार ऐन र नियमावलीको व्यवस्था भएको छ तापनि साधन र स्रोतको अभावमा व्यवस्थापनसँग सम्बन्धित निम्नानुसारको मूलभूत पक्षहरूमा सुधार हुन सकेको छैन ।

### ५.१.१ कैदी वा थुनुवालाई राख्ने व्यवस्था

कारागारहरूमा कैद ठेकिएका बन्दीहरूलाई र अनुसन्धानको सिलसिलामा थुनामा राखिएका व्यक्तिहरूलाई एउटै कारागारमा सँगसँगै राख्ने गरेको पाइन्छ । कारागार ऐन, २०१९ को दफा ६ मा विभिन्न किसिमका कैदी वा थुनुवाहरूलाई सकेसम्म छुट्टाछुट्टै राख्नुपर्ने व्यवस्था छ । तर कारागारहरूको जीर्ण भौतिक अवस्था साधन, र स्रोतको कमीका कारण पुरुष मानसिक रोगीहरूलाई मात्र धुलिखेल कारागारमा राख्ने गरिएको छ । अन्य कारागारहरूमा छुट्टाछुट्टै कैदी/बन्दी राख्न स्थानको अभावका कारण एउटै कारागारमा सबै किसिमका कैदी/बन्दीहरूलाई राख्ने गरिएको छ । त्यसरी नै कतिपय कारागारहरूमा महिला र पुरुषहरू एउटै ढोकाबाट भित्र जानुपर्ने र समय मिलाएर महिला र पुरुषलाई बाहिर निस्कन दिनुपर्ने अवस्था छ । कारागार ऐन, २०१९ को दफा ६ अनुसार महिला र पुरुष कैदी/बन्दीहरूलाई अलग अलग कारागारमा राख्नु पर्दछ । यदि एउटै कारागारमा राख्नुपरेमा परस्परमा भेटघाट र कुराकानी गर्न नपाउने गरी राख्नु पर्ने प्रावधान छ । कारागारहरूमा क्षमता भन्दा बढी कैदी/बन्दीहरू रहेका र जीर्ण अवस्थाका पुराना भवनहरू भएकोले जोखिमपूर्ण अवस्थामा कैदी/बन्दीहरू रहेका छन् । त्यसरी नै कारागारहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता न्यूनतम आधारभूत आवश्यकता समेत पूरा हुन सकेको छैन । साथै श्री सर्वोच्च अदालतको फैंसला अनुसार महिला र पुरुष कैदीहरुलाई प्रजननको अधिकार सुरक्षित गर्नु पर्ने भौतिक अवस्थाको कमिले गर्दा पुरा गर्न सकिएको छैन ।

### ५.१.२ बन्दी/थुनुवाहरूले पाउने सुविधा सम्बन्धमा

कारागार नियमावली २०२० को नियम २३ मा थुनुवा वा कैदीहरूलाई चामल र खाना खर्च बापत रकम दिने, बिरामहिरूको उपचार गर्ने, सुत्केरी महिलाहरूलाई घिउ, खानेतेल लगायतका थप सुविधा दिने, तिनीहरूलाई लुगा कपडा दिने र नियम २९ मा असल चालचलन भएकाहरूलाई ५० प्रतिशत कैद माफी दिन सकिने व्यवस्था छ । तर बढ्दो महङ्गीको अनुपातमा कैदी/बन्दीहरूलाई उपलब्ध गराइएको खानाखर्च रकम अपर्याप्त देखिएको छ भने स्वास्थ्योपचारका लागि स्वीकृत बार्षिक बजेट ज्यादै न्यून देखिन्छ ।

### ५.१.३ कारागारहरूको निरीक्षण

कारागारमा रहेका कैदी/बन्दीहरूको अवस्था र त्यहाँको व्यवस्थापन एवं भौतिक पक्षको निरीक्षण पुनरावेदन अदालतका न्यायाधीश र प्रमुख जिल्ला अधिकारी वा

निजले खटाएको सहायकबाट समय समयमा गर्नुपर्ने कानूनी व्यवस्था छ । तर कतिपय कारागारहरूमा लामो समयसम्म निरीक्षण हुन नसक्दा कारागारमा रहेका थुनुवाहरूको समयमा मुद्दा फैसला हुन नसकी लामो समयसम्म थुनामा रहनु परेको अवस्था छ । त्यसरी नै समयमा निरीक्षण नहुँदा कतिपय व्यवस्थापकीय र भौतिक अवस्थामा समेत सुधार हुन सकेको छैन ।

### ५.२ भौतिक अवस्था

विभिन्न कसुरमा अभियोग ठहर भै वा पुर्पक्षका लागि कारागारमा रहेका कैदी/बन्दीहरूमा रहेको अपराधिक मनोवृत्तिमा परिवर्तन गरी विगतका गल्ती नदोहरिने बनाउने मुख्य थलो कारागार नै हो । कारागारको वातावरणले व्यक्तिको आपराधिक मनोवृत्तिमा परिर्वतन गर्न सकिन्छ । त्यसैले कारागारलाई सुधार गृहका रूपमा परिवर्तन गर्न कारागार भित्र र बाहिरको वातावरण उपयुक्त हुनु पर्दछ । नेपाल राज्यमा रहेका अधिकांश कारागारको अवस्थालाई हेर्दा त्यहाँको भौतिक अवस्था सुधारगृहको रूपमा रहेको छैन । कारागारलाई सुधारगृहको रूपमा परिवर्तन गर्न कारागारभित्र उपयुक्त भवनहरूका साथै पर्याप्त सुत्न बस्ने ठाउँ, उपयुक्त भान्छा, भण्डार, धारा, चर्पी, खेलकूदका लागि पर्याप्य स्थान र सामाग्री, शिक्षा, स्वास्थ्य, खानेपानी, पत्रपत्रिका, पुस्तकालय आदिको समुचित प्रबन्ध हुनु पर्दछ । त्यसरी नै कारागार प्रशासन संचालन गर्नका लागि दक्ष र तालिम प्राप्त जनशक्तिको आवश्यकता पर्दछ ।

तर कारागार निरीक्षणका क्रममा कुनै पनि कारागारहरूमा सुधारगृहका लागि आवश्यक पर्ने उपयुक्त र अनुकूल वातावरण पाइएन । कारागारलाई सुधारगृहका रुपमा विकास गर्न यसभन्दा पहिले विभिन्न आयोग र समितिहरूबाट सुझाव दिइएका छन् तर त्यसको कार्यान्वयन नहुँदा समस्या अझ जटिल बन्दै गएको पाइन्छ । तराई, काठमाडौं उपत्यका र भित्री मधेशका प्राय: सबै भन्दा धेरै बढी कैदी/बन्दी रहेका छन् । प्राय: भत्कन लागेका पर्खालहरू र जीर्ण अवस्थाका भवनहरू छन् । त्यहाँ खानेपानी, शौचालय, विद्युत, शिक्षा, स्वास्थ्य आदिको समुचित प्रबन्ध हुन सकेको छैन । कहीं बन्दीहरूलाई कार्यालयको कोठामा राख्नुपर्ने अवस्था छ भने मर्मत सम्भारको अभावमा जीर्ण अवस्थाका कारागारहरू जुनसुकै बेला ढल्न सक्ने देखिन्छ र ढल्ने गरेका छन् ।

## ६. कैदीबन्दीहरूबाट प्राप्त सुझावहरू

### ६.१ कैदीबन्दीले पाउने सुविधा सम्बन्धी विषय

- चामलको गुणस्तर राम्रो हुनुपर्ने

- महङ्गीको कारणले रकम वृद्धि गर्नुपर्ने
- भेटघाट गर्ने समय हप्ता दिन नै निश्चित समयमा दिने व्यवस्था हुनुपर्ने
- उपचार सम्बन्धी व्यवस्था भरपर्दो किसिमको हुनुपर्ने
- फोन गर्ने सहज व्यवस्था हुनुपर्ने
- पुस्तकालय, खानेपानी, हिटर लगायत खेलकूदका सामाग्रीहरूको राम्रो प्रवन्ध हुनुपर्ने
- बेलाबेलामा उडुस, उपियाँ मार्ने औषधी उपलब्ध हुनुपर्ने

### ६.२ माफी मिन्हा सम्बन्धी

- हाल छुट नहुने सबै मुद्दाका कैदीहरूलाई पनि ५० प्रतिशत कैद भुक्तान गरेपछि छिटो र छरितो तवरबाट छुट्ने व्यवस्था मिलाउनु पर्ने ।
- असल चालचलन भएका कैदीहरूलाई ५० प्रतिशत कैद माफी दिन सकिने हालको व्यवस्थामा परिवर्तन गरी ६६ प्रतिशत कैद माफ गरिनुपर्ने ।
- ७० बर्ष पूरा भएका असल चालचलन भएका कैदीहरूलाई भएको कैदको ७५ प्रतिशत माफी दिई छुट्कारा दिने व्यवस्था भएकोमा सोलाई बढाई ९० प्रतिशत माफी दिई छुट्ककारा दिनुपर्ने ।

### ६.३ भौतिक अवस्था सुधार सम्बन्धी

- कारांगारमा कैदी बन्दीहरू बस्ने भवनहरू ज्यादै पुराना भएकोले मर्मत संभार तथा निर्माण हुनुपर्ने
- कैदी बन्दीहरूलाई बिहान बेलुका खुल्ला ठाउँमा घुमफिर गर्ने व्यवस्था हुनुपर्ने
- कैदी बन्दीको अत्याधिक चाप भएकोले पर्याप्त किसिमको स्वतन्त्र रूपले बस्ने उचित स्थानको व्यवस्था हुनुपर्ने
- विद्युत लाइन मर्मत सम्भार र भरपर्दो किसिमको बनाइनुपर्ने ।

### ६.४ व्यवस्थापकीय सुधार सम्बन्धी

- कैदीबन्दीहरूको मुद्दाको प्रकृति हेरी जघन्य अपराधका कैदीबन्दी र साधारण मुद्दाका कैदीबन्दीहरू छुट्टै रहने व्यवस्था गर्नुपर्ने

- बिरामी कैदीबन्दीहरू रहने कारागार छुट्टै बनाइनुपर्ने
- अड्डा अदालत सम्म कैदीबन्दीहरूलाई ल्याउने लैजानलाई भरपर्दो किसिमको छुट्टै यातायातको व्यवस्था गर्नुपर्ने
- आयमुलक सीप विकासका लागि तालिमको व्यवस्था गरिनुपर्ने
- जेलर र सुरक्षा प्रमुखले कम्तीमा महिनाको दुईपटक सबै कैदीबन्दीको समस्या सुनी बुझी तत्कालै समस्याको समाधान गर्नुपर्ने
- अध्ययन गर्न चाहने विद्यार्थीहरू जेलमा परे अध्ययनको लागि उचित व्यवस्था गर्नुपर्ने
- नि:सन्तान भएका दम्पत्तिहरू कैदीबन्दी भएमा तिनीहरूलाई एकै ठाउँमा राख्ने व्यवस्था मिलाउनु पर्ने

६.५ विविध

- प्रसूति सुविधा सहितको अस्पतालको व्यवस्था हुनुपर्ने
- चिकित्सकले नियमित जाँच गर्ने व्यवस्था हुनुपर्ने
- औषधी उपचारको लागि उचित खर्चको प्रबन्ध हुनुपर्ने
- कानूनद्वारा तोकिएको समयमा मुद्दा फैसला हुन नसकेको कारणले लामो समय सम्म पूर्पक्षमा वस्नु परेको हुँदा तोकिएको समयभित्र मुद्दा फैसला हुनु पर्ने ।

## . कारागार सुधार आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन स्थिति

कारागार सुधार उच्चस्तरीय सुझाव समिति - २०६४ ले गरेका सिफारिसहरुको ...लसम्मको कार्यान्वयन स्थिति देहाय बमोजिम रहेको छ ।

. तत्कालीन अवस्थामा आस्थाका बन्दीहरुलाई छानविन गरी मुक्त गरिएको ।

. कैदीवन्दीहरुलाई दिइने गरेको दैनिक खाना खर्च रु ३०।- वाट वढाई रु ४५।- पुऱ्याइएको ।

. महिला र पुरुष कैदीवन्दीलाई छुट्टाछुट्टै व्लकमा राखी आवतजावत गर्ने ढोकाहरु पनि छुट्टाछुट्टै व्यवस्था गरिएको ।

. कारागारमा रहेका कैदीवन्दीहरुलाई वर्षको दुई पटक पोशाक वितरण गर्ने गरिएको ।

५. पाँचवटै विकास क्षेत्रमा १/१ वटा वालसुधार गृह स्थापना गर्न सिफारिस भएकोमा हालसम्म मध्यमाञ्चल विकास क्षेत्रको लागि भक्तपुरमा वालसुधार गृहको स्थापना भएको र अन्यत्र स्थापना गर्न महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट निर्माण गर्ने प्रक्रिया अघि वढाईएको ।

६. महिला सुत्केरी कैदीवन्दीहरुलाई साठी दिन सम्म सात सय ग्राम मसिना चामल दिने व्यवस्था भएको त्यसैगरी कोरा कपडा १० मिटर र एक सुत्केरी अवधिको लागि एक पटकको लागि सुत्केरी खर्च रु १०००।- दिने व्यवस्था भएको ।

७. कैदीवन्दीहरुलाई दिइने दशैं खर्चमा रु १००।- वाट वढाई रु ३००।- दिने गरिएको ।

८. कारागारहरुमा रहेका नेपाली महिला कैदीवन्दीहरु घरमा गई सुत्केरी हुन चाहेमा नजिकको नातेदार एक जना र स्थानीय जन प्रतिनिधी वा माथवर व्यक्ति अन्य २ जनाको सामूहिक जवानीमा सुत्केरी अघि र पछि गरी वढीमा ३ महिना सम्म घर जान दिइने व्यवस्थाको सम्वन्धमा माग अनुसार व्यवस्था गर्न सकिने ।

९. सवै कारागारहरुमा स्वास्थयकर्मीको व्यवस्था गर्नुपर्ने सिफारिस भएकोमा सवै कारागारमा स्वास्थ्यकर्मीको दरवन्दी स्वीकृत गरी धेरै जसो कारागारमा स्वास्थ्यकर्मी खटिसकेको र केही कारागारमा लोकसेवा आयोगवाट पदपुर्ती हुने व्यवस्था भैरहेको छ ।

१०. कारागारहरुमा आवश्यकता अनुसार औषधीको व्यवस्था गरिएको ।

११. कारागारमा सवारी साधन उपलब्ध गराउने सम्वन्धमा हाल सम्म ९ ठाउँमा सवारी साधन उपलब्ध गराईसकेको र वाँकी कारागारहरुलाई सवारी साधनको व्यवस्था क्रमश: गर्दै जाने।

१२. खुल्ला कारागारको लागि नेपालगञ्जमा जग्गा प्राप्तीको प्रक्रियामा रहेको र खुल्ला कारागार कार्यान्वयन गर्ने क्रममा वजेट विनियोजन गरिएको ।

१३. कारागारहरुमा खेलकुद र मनोरञ्जनका साधन, पत्रपत्रिकाहरु सकेसम्म उपलब्ध गराउने व्यवस्था भएको ।

१४. कैदीवन्दीहरुले आफ्नै खर्चमा टेलिफोन उपयोग गर्ने गरी सवै कारागारमा टेलिफोनको व्यवस्था भैसकेको ।

१५. आ.व. ०६६।६७ मा योग शिवीर, अन्तरक्रिया र कानुनी परामर्श सेवा सम्वन्धि कार्यक्रम गरिएको । गत आ.व.मा ७ स्थानमा सीप विकास तालिम सञ्चालन गरिएको जसमा २०४ जना (३६ जना महिला सहित) कैदीवन्दीको सहभागिता रहेको र यस आ.व.का लागि ११ वटा कारागारमा सीप विकास सम्वन्धि कार्यक्रम सञ्चालन गरिने ।

१६. महिला कैदीवन्दीको सुरक्षाको लागि महिला प्रहरी खटाउने व्यवस्था भैसकेको ।

१७. कारागारको निरिक्षणको व्यवस्था तोकिएका अधिकारिले यथा समयमा गर्ने गरिएको ।

१८. कैदीवन्दीको उपचार र स्थानान्तरणको सवै व्यवस्था सरकारी खर्चमा गरिने गरिएको ।

१९. विभिन्न सामाजिक संघसंस्थावाट गरिने खेलकुद, पुस्तकालयको व्यवस्था, सीप विकास र स्वास्थ्यसम्वन्धि कार्यक्रमलाई समन्वयात्मक ढङ्गवाट निरन्तरता दिइआएको ।

२० कारागारहरुमा सञ्चालित पसलमा उपलब्ध उपभोग्य सामाग्रीको मूल्यसूची राख्ने व्यवस्था मिलाइएको ।

२१. कारागार नियामावली २०२० को नियम २९ वमोजिम असल चाल चलन भएका कैदीहरुको कैद छोट्याउन प्र.जि.अ. र जेलरको सिफारिस भएमा मात्र प्रक्रिया अगाडि वढ्ने गरेको ।

२२. कारागार प्रशासन र संघसंस्था मार्फत सुधार गृहमा रहेका कैदीवन्दीहरुलाई मानव अधिकार र प्रचलित ऐन नियम सम्वन्धि आधारभूत जानकारी गराउने कार्यक्रम नियमित रुपमा भैरहेको ।

२३. आ.व ०६८।६९ देखि देशका सवै कारागारहरुमा रहेका कैदीवन्दीहरुको केन्द्रीय अभिलेख राख्ने व्यवस्था शुरु गरिएको ।

## ८. कार्यदलको निष्कर्ष एवं सुझावहरू

### ८.१ कारागारहरुको मर्मत, क्षमता विस्तार तथा नयां निर्माण सम्वन्धी गर्नुपर्ने कामहरु

१. ०६८।६।१ गते आएको भूकम्पबाट केन्द्रीय कारागारमा रहेको १ भवन क्षतिग्रस्त भएकोमा उक्त भवन रहेको स्थानमा तत्कालै भवन बनाउनको लागि इष्टिमेट सहित अर्थ मन्त्रालयमा माग गरिएको रू. एक करोड यसै आ.ब.मा निकाशा हुनुपर्ने देखिन्छ ।

२. कारागार कार्यालय कास्कीको नयां भवन निर्माण कार्य सम्पन्न भए पनि कम्पाउण्ड वाल निर्माण हुन नसक्दा कैदीवन्दीहरु राख्न नसकिएको अवस्था देखिएकोले तत्कालै कम्पाउण्ड वाल निर्माण गरी कैदीवन्दी राख्न सकिने वनाउनु पर्ने देखिन्छ ।

३. नेपालका धेरैजसो कारागारहरूको भौतिक अवस्था अत्यन्त नाजुक रहेको र वर्तमान अवस्थामा कारागारहरूको क्षमताभन्दा दोब्बर संख्यामा कैदीबन्दीहरूलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको सन्दर्भमा तत्काल २५ वटा कारागारहरूलाई मर्मत संभारको लागि प्रति कारागार १५ लाखका दरले जम्मा रु तीन करोड पचहत्तर लाख तत्काल निकाशा हुनु पर्ने देखिन्छ ।

४. २० वटा कारागारहरुमा प्रति कारागार रु २५ लाखका दरले जम्मा रु ५ करोड क्षमता विस्तारको लागि (कोठा थप्न र टहरा वनाउन) यसै आ.व भित्र रकम निकाशा गर्नुपर्ने देखिन्छ ।

५. नयाँ निर्माणको लागि गृह प्रशासन सुदृढिकरण योजना, २०६८ मा समावेश भएका २६ स्थानमा कारागार निर्माणकोलागि रु.एक अर्व साठी करोड आगामी आ.व. को वजेटमा समावेश गर्नुपर्ने देखिन्छ ।

६. नेपाल राज्यभरिका कारागारहरुको कैदी/वन्दी राख्ने क्षमता ६४१४ भएकोमा हाल १३ हजार ५ शय भन्दा वढी कैदी/वन्दी रहेकोले विद्यमान कारागारको संरचना भित्र राख्न असंभव प्राय देखिएकोले तत्काल सरकारी स्वामित्वमा रहेका भवनहरु वा भाडामालिई कैदी/वन्दीहरुलाई राख्न कार्यदल नेपाल सरकारलाई शिफारिस गर्दछ ।

**८.२ केन्द्रीय कारागार स्थानान्तरण सम्बन्धी**

केन्द्रीय कारागार स्थानान्तरणको लागि उपयुक्त स्थान छनोट गर्ने क्रममा कार्यदलले विभिन्न स्थानहरूको स्थलगत अवलोकन गरी सोको आधारमा नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा नं ६ चण्डीपोखरीमा वस्तीवाट करिव २ कि.मि दुरिमा त्रिशुली नदीको किनारमा कच्ची मोटरवाटो पुगेको नेपाल सरकारको नाममा रहेको कि.नं. ३७८, ६६८. क्षेत्रफल ५३३-१०-३-३ रहेको जग्गा र अन्दाजी ऐलानी २०० देखि २५० रोपनी गरी करिव ८०० रोपनी जग्गालाई उपयुक्त ठहऱ्याएकोले सो जग्गालाई तत्काल कारागार कार्यालय नुवाकोटको नाममा जग्गाको स्वामित्व हस्तान्तरण गरी केन्द्रीय कारागारको स्थानान्तरण गर्ने प्रक्रिया अगाडि बढाउन कार्यदल नेपाल सरकारलाई सिफारिस गर्दछ ।

**८.३ कैदीहरूको बाकी सजाय अवधि माफी मिन्हा सम्बन्धी**

कैदीहरूको बाँकी सजाय अवधि माफी मिन्हा सम्बन्धमा विभिन्न कारागारमा रहेका कैदीबन्दीहरूसँगको भेटघाट, सम्वन्धित सरोकारवाला, विज्ञसमेतको राय सुझावको आधारमा कारागार सुधार उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन २०६४ समेतले गरेको सिफारिसलाई

आधार मानी देहायका विषयहरूलाई कार्यान्वयन गर्न कार्यदल सिफारिस गर्दछ । यसको लागि मौजुदा कारागार नियमावली, २०२० मा संशोधन गरी कार्यान्वयनलाई मूर्तरूप दिनसमेत कार्यदल नेपाल सरकारलाई अनुरोध गर्दछ ।

तपसिल

१. आस्थाका बन्दीहरूको हकमा आवश्यक छानबीन र पहिचान गरी सो मुद्दामा परेका बन्दीहरूलाई उनीहरूको मुद्दा फिर्ता लिई यथाशीघ्र कारागारबाट मुक्त गर्ने ।
२. नेपालका विभिन्न कारागारहरूमा रहेका कैदीहरू मध्ये कारागार नियमावली २०२० को नियम २९ बमोजिम असल चालचलन भएका कैदीहरूलाई ५० प्रतिशत कैद माफी दिन सकिने मुद्दाको हकमा यो एक पटकलाई दुईतिहाई कैद माफी दिई छुट्कारा दिने ।
३. जघन्य अपराध भनी कैद छुटको व्यवस्था नभएका देहायका मुद्दामा तोकिएको कैदको सजाय भुक्तान गरी जरीवाना वापत कैदमा बसेकाहरु मध्ये नेपाली नागरिकको हकमा कैद बसी कट्टा भएको रकम कटाई वांकी जरीवाना माफी गरी छुटकारा दिने । साथै यी मुद्दामा कैद छोट्याउने व्यवस्था नहुँदा असल चालचलन भएका कैदीहरु मध्ये नेपाली नागरिकलाई यो एक पटकलाई एक तिहाईसम्म कैद माफी दिने ।

(क) जीउ मास्ने बेच्ने
(ख) जवरजस्ती करणी
(ग) कैदवाट भागे भगाएको
(घ) भन्सार चोरी निकासी पैठारी
(ङ) लागू औषधकों कारोवार
(च) भ्रष्टाचार सम्वन्धी
(छ) संरक्षित बन्य जन्तु सम्बन्धी
(ज) पुरातात्विक बस्तु सम्वन्धी
(झ) जासुसी सम्वन्धी

## ८.४ न्याय प्रक्रिया सम्पादन सम्वन्धमा

कार्यदलवाट विभिन्न कारागारमा भएको स्थलगत भ्रमणको क्रममा कैदीवन्दीहरुवाट प्राप्त सुझाव एवं उनीहरुसंगको अन्तरक्रियासमेतको आधारमा कानूनद्वारा तोकिएको समयभित्र मुद्दा फैसला हुन नसकेको कारणले वन्दीहरु लामो समय सम्म पूर्पक्षमा वस्नु पर्ने देखिएकोले यस सन्दर्भमा सम्वन्धित निकायवाट आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

## अनुसूची १

**कार्यदलले स्थलगत अवलोकन एवं सुझाव संकलन गरेका कारागारहरू**

| सि.नं. | नाम |
|---|---|
| १. | कारागार कार्यालय, जगन्नाथ देवल काठमाडौं |
| २. | कारागार कार्यालय सदरखोर, डिल्लीबजार काठमाडौं |
| ३. | कारागार कार्यालय नख्खु, ललितपुर |
| ४. | कारागार कार्यालय म्याग्दी |
| ५. | कारागार कार्यालय सर्लाही |
| ६. | कारागार कार्यालय नुवाकोट |
| ७. | कारागार कार्यालय नेपालगंज |
| ८. | कारागार कार्यालय महेन्द्रनगर |

# अनुसूची २

## कार्यदलबाट सुझाव संकलनका लागि भ्रमण गरेका निकाय एवं स्थानहरू (कारागारबाहेक)

१. राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक, ललितपुर ।

नेपाल सरकार

# गृह मन्त्रालय

(.....................शान्ति सुरक्षा....शाखा)

शा.सु ०६८/०६९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०६८/९/१४

विषय :- कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यादल गठन भएको सम्बन्धमा ।

माननीय देवी खड्काज्यू
संविधान सभा/व्यवस्थापकीय संसद सचिवालय
सिंहदरवार ।

नेपालका विभिन्न कारागारको भौतिक अवस्था र कारागारहरुको क्षमताभन्दा दोब्बर संख्यामा कैदी बन्दीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको एवं व्यवस्थापकीय सुधार लगायतका विषयमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६८।९।१२ निर्णयानुसार तपाईको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गरी कार्यक्षेत्र र कार्यावधि तोकिएको व्यहोरा अनुरोध छ ।

कार्यदल गठन

| | |
|---|---|
| माननीय देवी खड्का | संयोजक |
| पूर्व प्र.अ.म.नि.श्री रमेशकुमार श्रेष्ठ | सदस्य |
| अधिवक्ता श्री सुनिलरञ्जन सिंह,गौरीशंकर सर्लाही | सदस्य |
| पूर्व अनुसन्धान निर्देशक श्री भागवत चौधरी, सप्तरी | सदस्य |
| महानिर्देशक, कारागार व्यवस्थापन विभाग, | सदस्य सचिव |

कार्यक्षेत्र

- कारागारमा गर्नुपर्ने भौतिक र व्यवस्थापकीय सुधारको पक्ष ।
- मौजुदा ऐन, नियमामा भएको कैदीहरुको बाँकी सजाय अवधि माफी मिन्हा सम्बन्धमा गर्नु पर्ने पुनरावलोकन ।
- केन्द्रीय कारागारको स्थानान्तरण र खुला कारागारको अवधारणको कार्यान्वयन ।
- कैदी बन्दीहरुले हाल पाइरहेको विभिन्न सेवा सुविधाहरुको पुनरावलोकन ।
- यस पूर्वका आयोग, कार्यदल तथा समितिले दिएका सुझावहरुको समेत अध्ययन गरी प्रतिवेदन दिने र सो को कार्यान्वयनको कार्ययोजना समेत पेश गर्ने ।

कार्यावधि :

- समितिको कार्यावधि २ महिनाको हुनेछ ।

बोधार्थ तथा कार्यार्थ
श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार ।
श्री संविधान सभा/व्यवस्थापकीय संसद सचिवालय, सिंहदरवार ।
श्री आर्थिक प्रशासन शाखा, गृह मन्त्रालय ।
श्री कारागार व्यवस्थापन विभाग, कालिकास्थान ।

(भोलाप्रसाद शिवाकोटी)
सह-सचिव

D:\letters\पुष महिनाको चिठीहरु.docx